नौकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सरमथली, रसुवा

बागमती प्रदेश नेपाल

सूचना.नं. ०८-०८३/०८४

## मृत्यु तथा बेपत्ता भएका व्यक्तिहरुको विवरणमा दावी विरोध गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८३/०६/१६)**

यस नौकुण्ड गाउँपालिकामा मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढी र मिति २०८३/०४/३१ नौकुण्ड २ घाङ्झारको जोम्सो खोलामा आएको बाढीका कारण जनधनको ठूलो क्षती भएको सर्वविदितै छ। यसै सन्दर्भमा, विपद् प्रभावित नागरिकहरूको वास्तविक तथ्याङ्क यकिन गर्नका लागि सम्बन्धित वडा कार्यालयहरूको सिफारिसको आधारमा बाढीमा परी बेपत्ता भएका र मृत्यु भएका व्यक्तिहरूको प्रारम्भिक अन्तिम विवरण तयार गरिएको छ। बेपत्ता परिवारको क्षतिपूर्ति, पुनर्स्थापना र आगामी कानुनी तथा प्रशासनिक प्रक्रियालाई पूर्ण रूपमा पारदर्शी, न्यायपूर्ण र व्यवस्थित बनाउन, वडा नं. १ का १२ जना (११ परिवार), वडा नं. २ का ९ जना (९ परिवार), बडा नं. ३ का ८ जना (७ परिवार), वडा नं. ४ का १४ जना (१३ परिवार), वडा नं. ५ का १५ जना (१५ परिवार) र वडा नं. ६ को ५ जना (५ परिवार) गरी जम्मा ६३ जना (६० परिवार) बेपत्ता व्यक्तिहरू र वडा नं. २ का २ जना (१ परिवार) मृतकहरुको हकवाला/घरमूलीको विवरण मात्र यसै सूचनासाथ (सूचनाको पाना पछाडि) सार्वजनिक गरिएको छ।

उक्त प्रकाशित नामावलीको सम्बन्धमा तलका मध्ये कुनै अवस्था भएमा यो सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिनभित्र (मिति २०८३/०६/१८ गते कार्यालय समयभित्र) आवश्यक कानुनी प्रमाणसहित सम्बन्धित वडा कार्यालयमा लिखित रूपमा 'दावी विरोध' दर्ता गराउनु हुन सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. कुनै वास्तविक मृतक वा बेपत्ता व्यक्तिको नाम सूचीमा छुट भएको भए।

२. प्रकाशित नामावलीमा नाम, थर, ठेगाना वा हकवाला/घरमूलीको विवरण फरक परेको वा त्रुटिपूर्ण भए,

३. कोही गैर-प्रभावित वा झुटो विवरण पेश गरी सूचीमा समावेश भएको पाइएमा (झुट्टा दावी गरेको लागेमा)

तोकिएको म्यादभित्र रीतपूर्वक पर्न नआएका दावी विरोधउपर कुनै कारबाही नहुने र यसै सार्वजनिक सूचीलाई अन्तिम आधार मानी नियम अनुसार क्षतिपूर्ति सिफारिस, पुनर्स्थापना तथा अन्य आगामी कानुनी प्रक्रियाहरू अगाडि बढाइने व्यहोरा समेत यसै सूचनामार्फत सूचित गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत

(सुर्य बहादुर तामाङ)

प्रमुख प्रशासकीय अधिकृत